राष्ट्रिय मानवअधिकार आयोग
हरिहरभवन, ललितपुर


## मानवअधिकारसम्बन्धी फेलोसिप निर्देशिका

राष्ट्रिय मानवअधिकार आयोग मानवअधिकार संरक्षण र प्रवर्द्धनका लागि स्थापना भएको संवैधानिक निकाय हो । मानवअधिकार आयोग ऐन २०५३ अनुसार वि.सं. २०५७ जेठ १३ गते स्थापना भएको आयोगलाई नेपालको अन्तरिम संविधान २०६३ ले संवैधानिक अङ्गका रुपमा स्तरीकरण गरेको छ । आयोगको तीन वर्षीय रणनीतिक योजना २००८-२०१० को रणनीतिक उद्देश्य ४ ले मानवअधिकार प्रवर्द्धन गर्नका लागि विभिन्न सञ्चारमाध्यमहरूको प्रयोग गर्न सकिने व्यवस्था गरेको छ । यस उद्देश्यलाई कार्यान्वयन गर्नका लागि आयोगले आफ्नो कामको दायरा फराकिलो बनाउन व्यक्तिको हक, अधिकारलाई सुसूचित बनाउन सञ्चारकर्मी तथा पत्रकारहरूसँग विभिन्न किसिमको सहकार्य गर्दै आईरहेको छ । यसै सन्दर्भमा सञ्चारमाध्यममार्फत् मानवअधिकारसम्बन्धी रिपोर्टिङ गर्ने काममा सहजीकरण गर्न तथा गहन अध्ययनका लागि राष्ट्रिय मानवअधिकार आयोगले आयोगकै क्षमता अभिवृद्धि परियोजनाको सहयोगमा यो फेलोसिप कार्यक्रम सञ्चालन गर्न लागेको हो ।

### कार्यक्रमको उद्देश्य :

१. मानवअधिकारका सम्बन्धमा विभिन्न सरोकारवाला समूहलाई सचेत गराउने ।
२. मानवअधिकारको क्षेत्रमा कार्यरत पत्रकारहरूको अनुसन्धानमूलक रिपोर्टिङलाई प्रोत्साहित गर्ने ।
३. राष्ट्रिय मानवअधिकार आयोग र पत्रकारहरूबीच सहकार्य बढाउने ।

### फेलोसिप अवधि

- फेलोसिप आवेदनको अवधि प्रथमपटक सूचना प्रकाशित भएको मितिले ३० दिन ।
- प्रथमपटक सूचना प्रकाशित भएको मिति २०६६ चैत ७ गते
- फेलोसिपको अवधि फेलोसिपमा छनोट भएको मितिले तीन महिनाको हुनेछ ।

### फेलोसिप प्राप्त गर्न चाहने पत्रकारको योग्यता :

क) उपत्यकाका पत्रकारहरूका लागि स्नातक तह उत्तीर्ण गरी मानवअधिकार रिपोर्टिङसम्बन्धी कम्तीमा दुई वर्षको कार्यगत अनुभव । मोफसलका पत्रकारहरूका लागि प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तीमा चार वर्षको पत्रकारितासम्बन्धी कार्यगत अनुभव भएको ।
ख) आवेदनका साथमा निम्न लिखित विषयमध्ये कुनै एक विषयसँग सम्बन्धित खास विषयवस्तुमा स्थलगत तथा खोजमूलक रिपोर्टिङ गर्ने कार्ययोजनासहित एक प्रस्ताव प्रस्तुत गर्नु पर्नेछ । १) नागरिक र राजनीतिक अधिकार, २. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, ३. महिलाको मानवअधिकार, ४) बालअधिकार, ५) यातनाविरुद्धको अधिकार, ६) जातीय भेदभाव र छुवाछुत विरुद्धको अधिकार, ७) अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, ८) बेपत्ता पारिएका व्यक्तिहरूका अधिकार, ९) ज्येष्ठ नागरिकहरूको अधिकार, १०) आप्रवासी कामदारको अधिकार ।
ग) फेलोसिप कार्यक्रममा काठमाडौं उपत्यकाका ५ जना र पाँचै विकास क्षेत्रबाट एकएक जनाको प्रतिनिधित्व हुने गरी जम्मा १० जना छनोट गरिने छ ।


फोन नं. ५०१००१५, १६, १७, १८ फ्याक्स नं. ००९७७-१-५५४७९७३
पो.ब.नं. ९१८२ काठमाडौं, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

घ) फेलोसिपका लागि छनोट गरिने १० जना पत्रकारहरूमा महिला, दलित, जनजाति जस्ता सीमान्तकृत क्षेत्रको प्रतिनिधित्वलाई प्राथमिकता दिइने छ ।
ङ) प्राप्त आवेदनहरूमध्येबाट फेलोसिप प्राप्त गर्ने पत्रकारहरूको छनोट फेलोसिप मूल्यांकन समितिले गर्नेछ ।
च) प्रत्येक फेलोसिप बापत रु ३०,००० प्रदान गरिने छ ।

**संलग्न गर्नुपर्ने कागजातहरूः**

क) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
ख) अनुभव खुल्ने प्रमाणको प्रतिलिपि ।
ग) फेलोसिपअन्तर्गत रिपोर्टिङ गरिएको विषयवस्तु प्रकाशन/प्रसारण गर्नेसम्बन्धी आफू संलग्न संस्थाको सहमतिपत्र ।

**फेलोसिप प्रस्तावको ढाँचा**

प्रस्तावमा निम्न विषयवस्तु समेटिनु पर्नेछ :
क) आवेदन पत्र
ख) वैयक्तिक विवरण (प्रस्तावकको नाम, ठेगाना, आवद्ध भएको संस्था, योग्यता, आदि)
ग) रिपोर्टिङ गर्न खोजिएको सवाल वा विषयवस्तु
घ) अध्ययन गर्ने क्षेत्र (जिल्ला, गाविस, आदि)
ङ) अध्ययन गर्ने कुनै विशेष समुदाय भए त्यस्तो समुदायको नाम र सङ्क्षिप्त विवरण ।
च) आफूले अध्ययन प्रस्ताव गरेको विषय र क्षेत्र रोज्नुको उद्देश्य र कारण ।
छ) अध्ययनको प्रक्रिया
ज) रिपोर्टिङसम्बन्धी समयसहितको स्पष्ट कार्ययोजना । (स्थलगत अध्ययन, लेखन/उत्पादन, प्रकाशन/प्रसारण, प्रतिवेदन लेखन, प्रतिवेदन पेस गर्ने, आदि)
ञ) अपेक्षित उपलब्धि ।

**फेलोसिप मूल्यांकन समितिः**

मूल्यांकन समितिमा निम्न अनुसारका पाँच व्यक्तिहरू रहने छन् :
क) छापामाध्यम, श्रव्य र श्रव्यदृश्य माध्यम हेर्ने गरी वरिष्ठ पत्रकारहरू ३ जना
ख) राष्ट्रिय मानवअधिकार आयोगबाट १ जना ।
ग) आयोगको क्षमता अभिवृद्धि परियोजनाबाट १ जना ।
घ) समितिले आफ्नो कार्यविधि आफैं तय गर्ने छ ।

**फेलो पत्रकारहरूले गर्नु पर्ने कार्यहरू :**

- आवेदनमा प्रस्ताव गरिएकै विषयमा खोजमूलक रिपोर्टिङ गर्नु पर्नेछ ।


फोन नं. ५०१००१५, १६, १७, १८ फ्याक्स नं. ००९७७-१-५५४७९७३
पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

- फेलो पत्रकारहरूले परियोजनाले निर्देश गरेबमोजिम अनुशीलनका लागि कुनै इलाकामा स्थलगत अध्ययन गर्नुपर्नेछ ।
- रिपोर्टिङ सामग्रीमा मानवअधिकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भहरूको समेत उल्लेख भएको हुनु पर्नेछ । रिपोर्टिङमा मानवअधिकारको दृष्टिकोण झल्कनु पर्नेछ र समस्या समाधानका उपायहरू समेत सुझाउनु पर्नेछ ।
- तोकिएको अवधिमा छापामाध्यममा कम्तिमा दुईओटा लेख (राष्ट्रिय दैनिकमा नेपाली वा अंग्रेजी भाषामा प्रकाशन पर्ने प्रत्येक लेख ८००-१००० शब्द) प्रकाशित गर्नु पर्ने । प्रसारण माध्यमका लागि कम्तिमा ८-१० मिनेट अवधिको खोजमूलक श्रव्य वा श्रव्यदृश्य सामग्री उत्पादन र प्रसारण गर्नु पर्नेछ ।
- फेलोसिप अध्ययन समाप्त भएपछि सम्बन्धित पत्रकारले निम्न ढाँचामा २००० देखि २५०० शब्दसम्मको अध्ययन प्रतिवेदन तयार गरी प्रस्तुत गर्नु पर्नेछ । (प्रतिवेदनमा समेटिनु पर्ने विषयवस्तु: *विषयप्रवेश, सवाल पहिचान, अध्ययन प्रक्रिया, तथ्य संकलन, तथ्य विश्लेषण, निष्कर्ष तथा सुझावहरू*) । यो प्रतिवेदनको प्रथम मस्यौदा फेलोसिप मूल्यांकन समितिमा पेस गर्नु पर्नेछ । त्यसपछि प्राप्त सुझावहरूका आधारमा अन्तिम प्रतिवेदन तयार गरी पेस गर्नु पर्नेछ ।
- फेलोसिपबाट प्राप्त लेखरचनालाई संग्रह गरी एक पुस्तक प्रकाशित गर्न सकिने छ ।
- सफलतापूर्वक फेलोसिप पूरा गर्ने पत्रकारहरूलाई आयोगद्वारा प्रमाणपत्र प्रदान गरिने छ ।

**फेलोसिपका लागि आवेदन दिनुपर्ने ठेगाना :**


क्षमता अभिवृद्धि परियोजना
राष्ट्रिय मानवअधिकार आयोग
हरिहरभवन, ललितपुर ।
फोन: ५५३९७७६, ५५३९७७८ एक्सटेन्सन ११४
इमेल : scnhrc@nhrcnepal.org